# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु

कर्णाली प्रदेश,नेपाल

प.सं. २०८२/०८३

मितिः २०८३/०३/२६ गते

विषयः भुक्तानी कार्य सम्पन्न भएको सम्बन्धमा।

यस गाउँपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक बजेट बमोजिम अधिकार प्राप्त योजना तथा कार्यक्रमहरूको लागि गरिएका सम्पूर्ण कार्यहरूको निर्धारित समयभित्र यस कार्यालय समक्ष पेश हुन आएका सम्पूर्ण कागजातहरूको भुक्तानी कार्य सम्पन्न भएको व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छौं। यस अवधिभर नीति योजना तथा बजेट निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू तथा सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, कार्यान्वयनमा निरन्तर खटिई समयमा कार्यसम्पादन गर्नुहुने सम्पूर्ण शाखा प्रमुख, कर्मचारीहरू, बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष संलग्न उपभोक्ता समिति, लगायत सम्पूर्ण संघसंस्थाहरू, निर्माण व्यवसायीहरू, विकास साझेदारहरू, जिल्ला स्थित सरकारी कार्यालयहरू, खबरदारी एवं पैरवी गर्नुहुने सञ्चारकर्मी एवं नागरिक समाज लगायत सम्पूर्ण खत्याडवासी महानुभावहरूमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छौं। आगामी आ.व. मा समेत बजेट तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरूको सक्रिय सहभागिता, समन्वय र सहकार्यले उच्च कार्यसम्पादनमा प्रेरणा मिल्नेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छौं। **SuTRA Server** को कारणले केहि भुक्तानी हुन असफल भएकोले यस प्रति कार्यालय क्षमाप्राथी छौं। उक्त भुक्तानीहरु आगामी आ.व.२०८३/०८४ को प्रथम त्रैमासिकमा हुने व्यहोरा समेत जानकारी गराइन्छ।

आ.व. २०८२/०८३ को समष्टिगत वित्तीय प्रगति

| क्र.स. | चालु खर्च (प्रतिशत) | पुजिगत खर्च (प्रतिशत) | जम्मा औषत खर्च (प्रतिशत) |
|---|---|---|---|
| १ | ८२.३५ | ६०.४६ | ७४.०६ |

(सुदिन बुढा)
लेखा अधिकृत

(नन्दकृष्ण पाध्याय)
प्रमुख प्रशासकीय अधिकृत
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिलेर फालौ भ्रष्टाचारको जालोः सुशासन प्रवर्द्धनमा गरौ हाते मालो"

Email: info@khatyadmun.gov.np, ito.khatyadmun@gmail.com
Website: www.khatyadmun.gov.np